नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# क्याफ्स कर्णाली परियोजना
## CAFS-Karnali Project

ADAPTATION FUND
WFP

मासिक बुलेटिन
बर्ष २, अंक २, जेष्ठ, २०७७

## साल्ते मर्म बहुउपयोगी पानी सिँचाई स्तरोन्नति आयोजना अन्तिम चरणमा


कालिकोटको राम्नाकोटमा निर्माणाधिन साल्ते मर्म सिँचाई कुलो

कालिकोट जिल्लाको पचालझरना गाँउपालिका राम्नाकोटमा यस आर्थिक बर्ष २०७६/७७ मा क्याफ्स कर्णाली परियोजना अन्तर्गत करिब २० हेक्टर खेती योग्य जमीन सिँचित गर्ने परम्परागत कुलोको स्तरोन्नति गरिएको छ। विगत ५० वर्ष देखि समुदायद्वारा संचालित करिब तिन किलोमिटर लम्बाई रहेको उक्त कुलोको २०० मिटर भाग वि. सं. २०७२ सालमा साविक जिल्ला विकास समितिको सहयोगमा ढलान गरिएको भए पनि अधिकांश भाग कच्ची हुँदा पानीको चुहावट धेरै भई सिँचाइ सुविधा प्रभावकारी हुन सकेको थिएन। त्यसैले यो आयोजना स्थानीय सरकारको प्राथमिकतामा रहेको थियो। यस आयोजनाबाट गाउँमा धान, गहुँ, मकै र जौ जस्ता अन्नबालीको अतिरिक्त विभिन्न तरकारी तथा फलफूलको उत्पादन वृद्धि हुनुका साथै व्यावसायिक तरकारी खेती, सुधारिएको पानी घट्ट तथा पशुपन्छीजन्य व्यवसायलाई टेवा पुग्ने अपेक्षा गरिएको छ। यस आयोजना निर्माणको क्रममा संकटासन्न समुदायका ६२ घरधुरीहरुले अल्पकालिन रोजगारीको अवसर समेत प्राप्त गरेका छन् भने १४१ घरधुरीहरुले सिँचाइको सुबिधा प्राप्त गर्ने छन्। यस आयोजनाको कुल लागत रु. ९५,०३,३७१.५१ मध्ये क्याफ्स कर्णाली परियोजनाबाट रु. ८५,६१,१२८.६६ लगानी गरिएको थियो भने रु. ९,४२,२४२.८५ बराबरको जनश्रमदान जुटाइएको थियो।

> **“करिब २० हेक्टर खेती योग्य जमीन सिँचित गर्ने परम्परागत कुलोको स्तरोन्नति गरिएको छ।”**


कालिकोटको राम्नाकोटमा निर्माण सम्पन्न साल्ते मर्म सिँचाई कुलो



पचालझरना गा.पा. अध्यक्ष श्री खड्गराज सेजुवालज्यूले नर्सरीको अनुगमन गर्दै

## जलवायु परिवर्तन अनुकूलनका लागि बहुउद्देश्यीय नर्सरी आशाको केन्द्र बन्दै


कालिकोटको पडेछामा निर्माण गरीएको नर्सरी


नर्सरीमा काम गर्दै स्थानीय

कालिकोट जिल्लाको पचालझरना गाँउपालिका पडेछामा यसै बर्ष आधुनिक प्रविधिको नर्सरी स्थानीय उपभोक्ता समिति मार्फत निर्माण गरिएको छ। ०.१ हेक्टरमा निर्माण गरिएको उक्त नर्सरीमा वार्षिक रुपमा विभिन्न काष्ठ, गैरकाष्ठ तथा जडिबुटी प्रजातीका ७०,००० विरुवाहरु उत्पादन गरी खाली रहेको २१९ हेक्टर क्षेत्रफलमा वृक्षारोपण गर्ने योजना रहेको छ। यस नर्सरीमा स्थानीय वातावरणमा अनुकूलित हुने र उपभोक्ताहरुको प्राथमिकताको सुचिमा रहेका प्रजातीका विरुवाहरु जस्तैः खयर, सीसौं, वकाईनो, इपिल-इपील, बाँस, चिउरी, खोटेसल्लो, तेजपत्ता, किम्बु, टिमुर, कोईरालो, मसला, सुन्तला, कागती, जुनार, अमला, अम्रीसो, नेपियर आदि प्रजातीका विरुवाहरु उत्पादन गरिनेछ । यो नर्सरीमा निमार्णका लागि जलवायुजन्य जोखिम तथा खाद्य सुरक्षाको हिसाबले संकटासन्न समुदायहरुका ६१ घरपरिवारलाई ४५ दिन बराबरको रोजगारी आयोजनाले उपलब्ध गराएको छ। नर्सरी निमार्णका लागि रु. ३५,६०,८६११२८ को लागत अनुमान, ढाँचा तयार पारिएको थियो। जसमा कामदारको ज्याला, निमार्ण तथा सुरक्षा सामाग्री खरिद, सामाग्री ढुवानी, आयोजना व्यवस्थापन आदि शिर्षकमा रकम विनियोजन भई सोहि बमोजिम नर्सरी निमार्ण कार्य शुरु तथा सम्पन्न भएको थियो । आयोजनामा संलग्न संकटासन्न प्रति घरधूरी लगभग रु.४०,०००/- बराबरको ज्याला प्राप्त गरेका छन् । यस आयोजनामा कुल रु. १६ लाख बराबरको ज्याला रकम भुक्तानी भएको छ जुन रकमले आयोजनामा संलग्न घरपरिवारको खाद्य सुरक्षा, शिक्षा तथा स्वास्थ्यमा सहयोग भएको छ। भौतिक संरचना निर्माण पश्चात् गाँउपालिकासंगको समन्वय तथा छलफलबाट एक जना विरुवा उत्पादन तथा नर्सरी रेखदेख गर्ने कर्मचारीको पालिकाले व्यवस्था गरेको छ।

यस आयोजनाको दिगोपनाको लागि गाँउपालिका स्तरीय संचालन समितिको गठन, कृषि वन नर्सरी कोष स्थापना, वन नर्सरी उद्यम दर्ता, डाले घाँस खेती तथा फलफुलको बगैचा विस्तारका क्रियाकलापहरु स्थानीय सरकारसंगको समन्वयमा गरिने छ साथै उत्पादित विरुवाको बजारीकरण गरिनेछ । व्यवसायिक योजना निर्माणका लागि स्थानीय समुदायलाई प्राविधिक सहयोग तथा सहजिकरण गरि जलवायु परिवर्तन अनुकूलन क्षमताको वृद्धि गर्दै जीविकोपार्जन सुधारमा जोडिने छ। डिभिजन वन कार्यालय, कृषि ज्ञान केन्द्र, उपभोक्ता हकहित संरक्षण कार्यालयसंग दिगोपनाका लागि थप समन्वयात्मक भूमीका निमार्ण गरिने छ। स्थानीय जनतालाई वनको आवश्यकता र महत्वका वारेमा निरन्तर जनचेतनामूलक तथा क्षमता विकासका कार्यक्रमहरुको समेत व्यवस्था गरि प्रभावकारी रुपमा कार्यक्रम अगाडी लैजानका लागि स्थानीय सरकार, सरोकारवाला निकायहरुका साथै संघीय वन तथा वातावरण मन्त्रालय तथा प्रदेश उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, विश्व खाद्यकार्यक्रम लगायतको निरन्तर सहयोग, सहकार्य, गरि नतिजामा आधारित अनुगमन तथा मूल्याँकन गर्ने संयन्त्रको विकास गरि आयोजनाको दिगो व्यवस्थापन तथा प्रभावकारीता ल्याई वहुउद्देश्यीय नर्सरीलाई वन विकास तथा आय-आर्जनको आशाको केन्द बनाईनेछ।

## २०७७ जेष्ठ महिनामा सम्पन्न मुख्य क्रियाकलापहरु

- जलवायु उत्थानशील गाउँ निर्माण र जलवायु संकटासन्न तथा कोभिड १९ बाट थप जोखिममा रहेका घरधुरीका लागि सिप विकास तालिम संचालन सम्बन्धि कार्यविधिहरुको मस्यौदा तयार
- क्याफ्स् कर्णाली परियोजनाको Baseline study report मस्यौदा तयार
- देशव्यापी लकडाउनका कारण स्थगित भएका भौतिक पूर्वाधारका आयोजनाहरु पुनः केही सुचारु भइरहेका छन भने केही हुने क्रममा छन्। सो आयोजनाहरुको वातावरणीय तथा सामाजिक व्यबस्थापन योजना बनेको छ। कोभिड १९ को जोखिम न्यूनीकरणका लागि आवश्यक सुरक्षाका उपाय तथा सावधानीहरु अपनाएर काम गरिएको छ

**थप जानकारी तथा सम्पर्कका लागि :**

**क्याफ्स-कर्णाली परियोजना समन्वय इकाई**
वन तथा वातावरण मन्त्रालय
जलवायु परिर्वतन व्यबस्थापन महाशाखा
सिंहदरबार, काठमाडौं
टेलिफोन नम्बरः ०१ ४२२१४३५, ४२११९९६, ४२११९९७
वेवः www.mofe.gov.np

**संयुक्त राष्ट्रसँघीय विश्व खाद्य कार्यक्रम**
नेपाल केन्द्रिय कार्यालय
चाकुपाट, पाटनढोका सडक, ललितपुर, नेपाल
टेलिफोन नम्बरः ०१ ५२६०६०७